**आठराई गाउँपालिका**

# आठराई राजपत्र


आठराई गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ९) संक्रान्तिबजार, तेह्रथुम भाद्र महिना २५ गते, २०८३ साल (संख्याः ५)


भाग-२

आठराई गाउँपालिका

## अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको मुलप्रवाहिकरण तथा दिगोपना नीति, २०८३

### १. पृष्ठभुमी

यस आठराई गाउँपालिकामा रहेको अध्यावधिक विवरण अनुसार ३७४ जना अपाङ्गता भएका व्यक्तिहरू (वर्गिकृत विवरण **अनुसूची १** मा रहेका छन् जुन स्थानीय तहको कुल जनसङ्ख्या १७७८२ को २.०६% प्रतिशत हुन आउदछ ।

नेपालको संविधान २०७२, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४, नियमावली, २०७७ तथा राष्ट्रिय नीति, २०८० लगायत संलग्न **अनुसूची २** बमोजिमका संवैधानिक तथा कानुनी आधारहरूले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गरेका छन्। यी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन गर्नु पर्ने दायित्व संविधानको अनुसूची ८ बमोजिम स्थानीय तहमा रहेको छ ।अपाङ्गता भएका व्यक्तिहरूको सम्मानपूर्ण जीवनयापनको वातावरण सिर्जना गर्नुका साथै जन्मजात हुने अपाङ्गता न्यूनीकरण (रोकथाम) गर्न गर्भावस्थादेखि नै नियमित स्वास्थ्य परीक्षणमार्फत जन्मदोषको पहिचान गर्नुका साथै शिशु जन्मेपश्चात् समयमै जोखिम पहिचान गरी उचित हस्तक्षेप तथा उपचार मार्फत अपाङ्गता हुनबाट जोगाउनु पनि त्यतिकै महत्त्वपूर्ण दायित्व हो।

यसै सन्दर्भमा, यस स्थानीय तहले कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र करुणा फाउण्डेसन नेपालसँगको त्रिपक्षीय साझेदारी तथा राष्ट्रिय अपाङ्ग महासंघको प्राविधिक सहकार्यमा अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम सञ्चालन गर्दै आएको छ। उक्त कार्यक्रमको निरन्तरता, दिगोपना र अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, सेवा पहुँच तथा सामाजिक समावेशीकरण सुनिश्चित गर्नु स्थानीय तहको दायित्व हो ।

### २. स्थानीय नीतिको आवश्यकता

यस स्थानीय तहले आफ्नो स्थापना काल देखिनै अपाङ्गताका क्षेत्रमा काम गर्दै आएकोमा आ.व. २०७४ वर्ष देखि यस स्थानीय तहको नेतृत्वमा सञ्चालित अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमले जन्मजात तथा जन्मपश्चात हुने अपाङ्गताको रोकथाम, अपाङ्गता भएका व्यक्तिहरूको पहिचान, पुनःस्थापना, आर्थिक सशक्तीकरण तथा समावेशी समाज निर्माणमा उल्लेखनीय योगदान पुऱ्याएको छ । साझेदार संस्थाको वहिर्गमन पश्चात समेत अपाङ्गता भएका व्यक्तिहरूलाई घरै सम्म पुगेर सेवा प्रवाहिकरण गरिने यस कार्यक्रमलाई स्थानीय तहको नियमित तथा दिगो कार्यक्रमका रूपमा सञ्चालन गर्न बान्छनिय भएको हुदा, नेपालको संविधानको धारा २२६, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ तथा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ६१ ले स्थानीय तहलाई प्रदान गरेको अधिकार र दायित्व बमोजिम यो निति तयार गरी लागु गरिएको हो ।

### ३. नीतिको उद्देश्यहरू

- अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई स्थानीय तहको नियमित कार्यक्रमको रूपमा संस्थागत गर्ने;
- नेपाल सरकार र प्रदेश सरकारले प्रत्यायोजन गरेका अधिकार तथा सेवामा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सुनिश्चित गर्ने;
- स्थानीय तहमा अपाङ्गताका क्षेत्रमा सञ्चालन हुने सबै कार्यक्रमहरूलाई एकिकृत गरि सञ्चालन गर्ने;
- अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरण, पुनःस्थापना र समावेशी विकासमा स्थानीय तहको नेतृत्व कायम राखी अपाङ्गता भएका व्यक्ति तथा परिवारका लागि सेवा सुविधा उपलब्ध गराउने।

## ४. नितिका सिद्धान्तहरू

यो नीति निम्न सिद्धान्तहरूमा आधारित रहेको छ।

क. **अधिकारमूखी दृष्टिकोण र समावेशीताः** अपाङ्गता भएका व्यक्तिहरूलाई अधिकारवाहकका रूपमा स्वीकार गर्दै समान, न्यायपूर्ण र समावेशी पहुँच सुनिश्चित गरिने।

ख. **कोही पनि नछुटोस् (Leaving No One Behind) भन्ने मान्यता र समुदाय केन्द्रितताः** विकासका प्रक्रियामा कोही पनि पछि नपरोस् भन्ने दिगो विकासको मूल्यलाई आत्मसात् गर्दै समुदायमा आधारित पुनःस्थापनाको अवधारणा अनुरूप परिवार र समुदायलाई सेवा प्रवाहको मुख्य आधार बनाइने।

ग. **हामी आफैं गर्न सक्छौं भन्ने मान्यता, जवाफदेहिता र दिगो स्वामित्वः** अपाङ्गता भएका व्यक्तिका अधिकार सुनिश्चित गर्ने राज्यको दायित्व अन्तर्गत कार्यक्रमको नेतृत्व, कार्यान्वयन तथा उत्तरदायित्व स्थानीय तहले स्वयं वहन गर्दै सेवा प्रवाहलाई दिगो, प्रभावकारी र उत्तरदायी बनाइनेछ।

अपाङ्गता समावेशी सेवा तथा कार्यक्रमहरू स्थानीय तह, समुदाय तथा अपाङ्गता भएका व्यक्ति/परिवारको उपलब्ध स्रोत, क्षमता र सहभागिताको अधिकतम उपयोगमार्फत प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। यसका लागि “हामी आफैं गर्न सक्छौं” भन्ने मान्यतालाई संस्थागत रूपमा आत्मसात् गरिनेछ।

घ. **बहुक्षेत्रीय समन्वयः** अपाङ्गता अधिकारको सवाल बहुआयामिक विषय भएको हुँदा स्थानीय तहका विभिन्न शाखाहरू, मातहतका संरचनाहरू तथा अपाङ्गता भएका व्यक्तिहरूको संस्थाबीच समन्वय र सहकार्यलाई प्रभावकारी बनाईने ।

ङ. **सहकार्य, समन्वय र सहअस्तित्वः** अपाङ्गता समावेशी सेवा तथा कार्यक्रमहरू स्थानीय तह, समुदाय तथा अपाङ्गता भएका व्यक्ति/परिवारको उपलब्ध स्रोत र क्षमताको अधिकतम उपयोगमार्फत प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

स्थानीय तहले आफ्नो एकल अधिकार तथा दायित्व अन्तर्गतका कार्यहरू जिम्मेवारीपूर्वक सम्पादन गर्नुका साथै नेपालको संविधानले प्रतिपादन गरेको सहकार्य, समन्वय र सहअस्तित्वको मूल मर्म अनुरूप तीनै तहका सरकारबीच परस्पर सम्मान र जिम्मेवारीमा आधारित साझेदारी कायम गरिनेछ। यसमार्फत स्थानीय स्वामित्व, जवाफदेहिता तथा संघीयता कार्यान्वयनको असल अभ्यासलाई थप सुदृढ गरिनेछ।

## ५. रणनिती तथा कार्यनिति

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गर्दै कार्यक्रमलाई दिगो र प्रभावकारी बनाउन निम्न रणनीति अवलम्बन गरिनेछ ।

| रणनिति | मुख्य उद्देश्य |
|---|---|
| क) सेवामा पहुँच सुनिश्चितता | संघ, प्रदेश र स्थानीय तहका सेवाहरूमा अपाङ्गता भएका व्यक्तिको सहज पहुँच सुनिश्चित गर्ने। |
| ख) संस्थागत समायोजन तथा मुलप्रवाहिकरण | कार्यक्रमलाई नियमित प्रशासनिक संरचना, प्रणाली र बजेटसँग स्थायी रूपमा समायोजन गरी मुलप्रवाहिकरण गर्ने। |
| ग) मानव स्रोत व्यवस्थापन | दक्ष र प्रशिक्षित मानव स्रोतको व्यवस्थापन तथा परिचालन मार्फत घरदैलो सेवा प्रवाह सुनिश्चित गर्ने। |

| | |
|---|---|
| घ) अपाङ्गता भएका व्यक्तिहरूको समुह / संस्थाको सुदृढीकरण | अपाङ्गता भएका व्यक्तिहरूका समूह र संस्थालाई सशक्त र सक्रिय बनाउने। |
| ङ) बजेट व्यवस्थापन तथा परिचालन | अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमका लागि पर्याप्त बजेट सुनिश्चित गर्दै बहुस्रोत साझेदारी प्रयत्न गर्ने। |
| च) अपाङ्गता समावेशी स्थानीय शासन | स्थानीय शासनका सबै पक्षमा अपाङ्गताको दृष्टिकोण मुख्य प्रवाहीकरण गर्ने। |
| छ) तथ्यांकमा आधारित योजना निर्माण | अपाङ्गता भएका व्यक्तिहरूको अद्यावधिक तथ्यांकको आधारमा योजना निर्माण, स्रोत विनियोजन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउने। |

माथि उल्लिखित रणनीतिहरूको प्रभावकारी कार्यान्वयनका लागि देहायका ठोस **कार्यनीतिहरू** अवलम्बन गरिनेछ।

**क. सेवाको सुनिश्चितता**

**अ.** नेपाल सरकार तथा प्रदेश सरकारले अपाङ्गता भएका व्यक्ति तथा परिवार/अविभावकका लागि निर्धारण गरेका संलग्न **अनुसूची ३** बमोजिमका सेवाहरूमा सहज पहुँच अभिवृद्धीका लागि आवश्यक सहजिकरण गरी थप प्रभावकारी वनाईनेछ ।

**आ.** नेपाल सरकार र प्रदेश सरकारले उपलब्ध गराएका समान प्रकृतिका सेवाहरूमा दोहोरोपना नहुने गरी स्थानीय तहको स्रोतको अधिनमा रहि अपाङ्गता भएका व्यक्ति वा परिवारलाई सामाजिक सुरक्षाका सेवा सुविधाहरू (जस्तैः स्वास्थ्य विमा, सामाजिक सुरक्षा भत्ता आदी) उपलब्ध गराइनेछ। यसका अतिरिक्त आवश्यकता अनुसार थप पूरक सेवाहरू (जस्तै सहायक सामग्री, उपचार सहयोग, पुनःस्थापना सेवा, सीप विकास तालिम आदि) समेत उपलब्ध गराइनेछ ।

**ख. संस्थागत समायोजन तथा मुलप्रवाहिकरण**

**अ. दिगोपना र संस्थागत व्यवस्था सुदृढीकरण**ः कार्यक्रमलाई स्थानीय तहको नियमित संरचना, प्रणाली र बजेटसँग आबद्ध गर्दै दीर्घकालीन रूपमा संस्थागत गरिने।

**आ. नीति तथा कार्यक्रममा समावेशीकरण**ः अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको दिगोपनाका लागि प्रत्येक आर्थिक वर्ष स्थानीय तहको नीति तथा कार्यक्रममा कार्यक्रमको निरन्तरता बारे उल्लेख गरिने।

**इ. विषयगत शाखामा मूलप्रवाहिकरण**ः

- पुनःस्थापना लगायत अनुसूची ४ बमोजिमका न्यूनतम कृयाकलापहरू अनिवार्य समावेश गरी महिला तथा बालबालिका शाखा वा अपाङ्गता हेर्ने जिम्मेवार शाखा मार्फत वार्षिक योजना कार्यशाला गरि अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको योजना तयार गरिने;
- अपाङ्गता रोकथाम सम्बन्धी अतिरिक्त कृयाकलापहरू स्वास्थ्य शाखाको नियमित योजनामा समावेश गरिने;
- अपाङ्गता भएका बालबालिकाको शिक्षा सम्बन्धी अतिरिक्त कृयाकलापहरू शिक्षा शाखाको वार्षिक योजनामा समावेश गरिने;

- अपाङ्गता भएका व्यक्तिहरूको सहकारी तथा जिविकोपार्जन सम्बन्धी कृयाकलापहरू सहकारी शाखाको योजनामा समावेश गरिने।
- अन्य शाखाका वार्षिक कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्ति तथा परिवारलाई समेत प्राथमिकिकरण गरी समावेश गरिने ।
- सबै शाखाको अपाङ्गता सम्वन्धि कार्यक्रमलाई एकिकृत गरि अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको समग्र योजना तयार गरिने।
- कार्यक्रमको समग्र योजना श्रावण मसान्त भित्रमा एकिकृत गरी अन्तरशाखा समन्वयमा कार्यान्वयनमा ल्याईनेछ ।यसरी समग्र योजना तयार गर्दा वडा कार्यालयले अपाङ्गताका क्षेत्रमा समावेश गरेका कृयाकलापहरूलाई समेत समेटेर तयार गरिने ।

**ई. सहभागिताको सुनिश्चितता**: स्थानीय तहका विकास प्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरू तथा सम्बन्धित संस्थाहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिने।

### ग. मानव स्रोत व्यवस्थापन तथा परिचालनः

अपाङ्गता भएका व्यक्तिहरूलाई घरैदैलोमै सेवा प्रवाह सुनिश्चित गर्न आवश्यक संख्यामा समुदायमा आधारित पुनःस्थापना सहजकर्ता तथा अपाङ्गता सहायता सहजकर्ताको दरबन्दी कायम गरी व्यवस्थापन गरिनेछ/निरन्तरता दिइनेछ । सहजकर्ताहरूलाई नियमित तालिम, सुपरिवेक्षण र उचित पारिश्रमिकको व्यवस्था गरिनेछ।यस्ता कर्मचारीहरू महिला तथा बालबालिका शाखा प्रमुख वा अपाङ्गता हेर्ने शाखा प्रमुखको मातहतमा रहनेछन् । यसरी कर्मचारी नियुक्त गर्दा अपाङ्गता भएका व्यक्तिहरू वा अपाङ्गताका क्षेत्रमा कार्यानुभव भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ।

समुदायमा आधारित पुनःस्थापना सहजकर्ताको व्यवस्थापन गर्दा स्थानीय तहहरूमा उपलब्ध स्थायी कर्मचारी मध्येवाट उपर्युक्त कर्मचारी छनोट गरी सहजकर्ताको जिम्मेवारी दिइ कार्य गराउन पनि सकिनेछ ।

### घ. अपाङ्गता भएका व्यक्तिहरूको समुह/संस्थाको सुदृढीकरण

- प्रत्येक वडामा कम्तीमा एउटा मिलिजुली समूहको अस्तित्व सुनिश्चित गरिने । थप टोल स्तरिय नयाँ समूहहरू आवस्यक भएमा समुदायमा आधारित पुनःस्थापना सहजकर्ता मार्फत गठन सहजीकरण गरिने;
- अपाङ्गता भएका व्यक्तिहरूको पालिका स्तरिय संस्था (ओ.पि.डी.) को सशक्तिकरण गरी स्थानीय समन्वय समितिमा अनिवार्य प्रतिनिधित्व सुनिश्चित गरिने ।
- अपाङ्गता भएका व्यक्तिहरू वा मिलिजुली समुहहरूद्वारा स्थापना गरिएको/गरिने सहकारी संस्थाका लागि कानुनी सल्लाह, दर्ता सहयोग, सुरुवाती बीउ पुँजी प्रदान र व्यावसाय प्रवर्धन सहयोग उपलब्ध गर्नु/गराउनुका साथै नियमित रूपमा सम्वन्धित शाखा मार्फत नियमन गरिनेछ;

### ङ. अपाङ्गता समावेशी स्थानीय शासनः

- स्थानीय तहका सबै शाखाका वार्षिक कार्यक्रम र बजेट प्रस्ताव स्वीकृत गर्नुअघि अपाङ्गता समावेशिताको सुनश्चितता गर्ने ।
- स्थानीय तहका सबै नीति, योजना तथा बजेट तर्जुमा प्रक्रियामा अपाङ्गताको दृष्टिकोण (Disability Lens) अनिवार्य रूपमा समावेश गर्ने; अपाङ्गता भएका व्यक्तिहरू तथा अपाङ्गता भएका व्यक्तिहरूको संस्थाका प्रतिनिधिलाई योजना तर्जुमा, बजेट छलफल र वार्षिक समीक्षा लगायतका विकास प्रकृयामा अनिवार्य रूपमा सहभागी गराउने।

- स्थानीय तहले निर्माण गर्ने सबै भौतिक पूर्वाधार (भवन, सडक, शौचालय र सार्वजनिक स्थल) मा विश्वव्यापी डिजाइन मापदण्ड (Universal Design Standard) अनिवार्य रूपमा पालना गर्ने; सोको सर्त डिजाइन स्वीकृति प्रक्रियामा अनिवार्य रूपमा समावेश गर्ने।
- अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित स्थानीय कानून, कार्यविधि तथा मापदण्डहरू आवश्यकता अनुसार तर्जुमा गरी नगरसभा/गाउँसभाबाट स्वीकृत गरी लागु गर्ने/गराउने।
- अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४२ बमोजिम गठन भएको स्थानीय समन्वय समितिलाई सक्रिय र नियमित रूपमा सञ्चालन गर्ने तथा बैठकका निर्णयहरूको कार्यान्वयन स्थिति नियमित रूपमा अनुगमन गर्ने।
- स्थानीय तहलाई अपाङ्गता समावेशी वनाउनका लागि आवश्यक न्यूनतम सूचकहरू पहिचान गरी सोका आधारमा कार्य गर्ने / गराउने ।
- स्थानीय तहमा आउने नयाँ कर्मचारीहरूलाई अभिमुखीकरण तालिमका क्रममा अपाङ्गता अधिकार तथा अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम लगायतका सबै कार्यक्रमहरू र तिनको कार्यान्वयनमा अन्तरशाखा समन्वयको आवश्यकता सम्बन्धी आधारभूत जानकारी अनिवार्य रूपमा प्रदान गर्ने।

**च. बजेट व्यवस्थापनः**

प्रत्येक आर्थिक वर्षको वार्षिक नीति, कार्यक्रम तथा बजेटमा अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम समावेश गरी सोको कार्यान्वयनका लागि आवश्यक बजेट छुट्टै शिर्षक राखि विनियोजन गरिनेछ। कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि कोशी प्रदेश सरकार तथा नेपाल सरकारसँग समन्वय, सहकार्य तथा लागत साझेदारीलाई समेत प्राथमिकता दिइनेछ। अपाङ्गताका क्षेत्रमा यस स्थानीय तहमा काम गर्न इच्छुक विकास साझेदारीहरूलाई आव्हान गरी सहकार्य गर्न सकिनेछ ।

**छ. तथ्यांक व्यवस्थापन र तथ्यांकमा आधारित योजना निर्माण**

कार्यक्रम अन्तर्गतका तथ्याङ्कहरू (अपाङ्गता भएका व्यक्तिको व्यक्तिगत विवरण, सेवा प्रवाहको अवस्था, परिचयपत्र वितरण लगायत) व्यवस्थापन सूचना प्रणाली (DPRP-MIS) वा सरकारले तोकेको समान प्रकृतिको व्यवस्थापन सूचना प्रणालीमा नियमित रूपमा प्रविष्ट/अद्यावधिक गरी प्रयोगमा ल्याउने र त्रैमासिक रूपमा स्थानीय तहको आधिकारिक वेबसाइटमा प्रकाशित गर्ने। यसका अतिरिक्त रोकथाम सम्बन्धी तथ्याङ्कहरू DHIS2 मा तथा शिक्षा सम्बन्धी तथ्याङ्कहरू IEMIS मा नियमित रूपमा प्रविष्ट/अद्यावधिक गरी प्रयोगमा ल्याइनेछ। यसरी तयार पारिएको विश्वसनीय तथ्याङ्कलाई वार्षिक योजना तथा बजेट निर्माणको आधार बनाइनेछ।

## ६. कार्यक्रम सञ्चालनका क्षेत्रहरू

यस नीति अन्तर्गत संचालन गरिने कार्यक्रमहरू विश्व स्वास्थ्य संगठनले प्रतिपादन गरेको र नेपाल सरकारले अवलम्बन गरेको समुदायमा आधारित पुनःस्थापना अवधारणा (CBR Matrix) मा आधारित रहि अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य, शिक्षा, जिविकोपार्जन, सशक्तिकरण र सामाजिकिकरणका क्षेत्रमा आधारित हुनेछ । साथै अपाङ्गता रोकथाम र अपाङ्गता भएका व्यक्तिहरूलाई सेवा प्रवाह गर्ने स्थानीय संस्थाको संस्थागत सुद्धिढिकरणका क्षेत्रमा समेत आधारित हुनेछ ।

कृयाकलापको निर्धारण अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम अन्तर्गत रहेका न्यूनतम रूपमा सञ्चालन गरिने कृयाकलापका अतिरिक्त स्थानिय आवश्यकता अनुसार थपघट गर्न सकिने

## ७. अनुगमन तथा मुल्यांकन

क) महिला तथा बालबालिका शाखा प्रमुख वा अपाङ्गताको क्षेत्र हेर्ने शाखाको प्रमुखले प्रत्येक त्रैमासिकमा नगर प्रमुख/अध्यक्ष, नगर उपप्रमुख/उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतलाई कार्यक्रमको प्रगति विवरण पेश गर्नु पर्नेछ।

ख) वार्षिक रूपमा कार्यक्रमको समीक्षा गरी उपलब्धि, चुनौती र सुधारका लागि योजना तर्जुमा गरिनेछ।

ग) कार्यक्रमका प्रमुख सूचकहरू निर्धारण गरी सो सूचकहरूको प्रगति नियमित रूपमा मापन गरिनेछ ।

घ) व्यवस्थापन सूचना प्रमाणी (DPRP-MIS) मार्फत नियमित रूपमा कार्यप्रगतिको अनुगमन गरिनेछ ।

## ८. नियम बनाउने अधिकार

यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहले आवश्यकता अनुसार थप कार्यविधि वा निर्देशिका जारी गर्न सक्नेछ। यस नीतिमा स्पष्ट उल्लेख नभएका विषयहरू स्पष्ट नभएको हदसम्म प्रचलित कानुन बमोजिम हुनेछ।

## ९. खारेजी तथा बचाउ

यस नीतिसँग बाझिने स्थानीय तहका अन्य पूर्व निर्णय, आदेश वा निर्देशिकाका प्रावधानहरू यो नीति लागू भएको मितिदेखि बाझिएको हदसम्म स्वतः खारेज हुनेछन्। यस नीति लागू हुनुअघि कार्यक्रम अन्तर्गत सम्पन्न भएका काम कारबाहीहरू यसै नीतिबमोजिम भएको मानिनेछ।

अनुसूची १

## अपाङ्गता भएका व्यक्तिहरूको वर्गिकृत विवरण

| क्र.स. | अपाङ्गताको प्रकार | जम्मा संख्या | बालबालिका | बयस्क | महिला | पुरूष |
|---|---|---|---|---|---|---|
| १ | शारीरिक | १६८ | १३ | १५५ | १३ | १२० |
| २ | न्यून-दृष्टियुक्त | ४६ | ७ | ३९ | २७ | १९ |
| ३ | पूर्ण दृष्टिविहिन | २ | ० | २ | १ | १ |
| ४ | बहिरा | १० | १ | ९ | ४ | ६ |
| ५ | सुस्तश्रवण | १६ | ४ | १२ | ८ | ८ |
| ६ | श्रवण दृष्टिविहिन | - | - | - | - | - |
| ७ | स्वर तथा बोलाइ सम्बन्धी | २९ | ९ | २० | १५ | १४ |
| ८ | मानसिक वा मनोसामाजिक | ४८ | २ | ४६ | २८ | २० |
| ९ | बौद्धिक अपाङ्गता | १६ | ८ | ८ | ८ | ८ |
| १० | अनुवंसीय रक्तश्राव (हेमोफिलिया) | - | | | | |
| ११ | अटिजम | - | | | | |
| १२ | बहु अपाङ्गता | ३६ | ४ | ३२ | १५ | २१ |
| | **जम्मा** | **३७५** | **४२** | **२९५** | **१३१** | **२२५** |

स्रोतः स्थानीय तहको DPRP-MIS

अनुसूची २

## संवैधानिक तथा कानुनी आधारहरू

- नेपालको संविधान, २०७२ को धारा ४२ (सामाजिक न्यायको हक) र धारा ५१(ख)(७) अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण र विकास;
- अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ (पहिलो संशोधन सहित) र नियमावली, २०७७;
- अपाङ्गतासम्बन्धी राष्ट्रिय नीति, २०८०;
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धी (CRPD) नेपालले अनुमोदन गरेको;
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ सामाजिक सेवा सम्बन्धी स्थानीय तहको अधिकार;
- राष्ट्रिय योजना आयोगको १६औं पञ्चवर्षिय योजनामा अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम विस्तारको लक्ष्य;
- कोशी प्रदेश सामाजिक विकास मन्त्रालयको अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको निरन्तरता सम्बन्धी निर्णय/नीतिगत व्यवस्था।

अनुसूची ३

## सरकारबाट अपाङ्गता भएका व्यक्ति तथा परिवार/अविभावकका लागि निर्धारण गरेका सेवा सुविधाहरू

| क्र.स. | प्रदत्त सेवा सुविधा | कानुनी आधार | उपलब्ध गराउने निकाय | सुनिश्चित गर्ने जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|
| १ | अपाङ्गता परिचयपत्र वितरण | ऐन दफा ७, नियमावली दफा ४ | स्थानीय तह | महिला तथा बालबालिका शाखा | |
| २ | सामाजिक सुरक्षा भत्ता (पूर्ण अशक्त र अति अशक्त का लागि) | ऐन दफा १६, सामाजिक सुरक्षा भत्ता कार्यविधि, २०७७ | नेपाल सरकार (स्थानीय तहमार्फत) | पञ्जिकरण शाखा | |
| ३ | सहयोगी भत्ता (पूर्ण अशक्त व्यक्तिका सहयोगी) | नियमावली दफा २०(४) | नेपाल सरकार (स्थानीय तहमार्फत) | महिला तथा बालबालिका शाखा वा पञ्जिकरण शाखा | नेपाल सरकारले लागु गरे पश्चात |
| ४ | निःशुल्क स्वास्थ्य सेवा | ऐन दफा १८ | सरकारी अस्पताल र स्वास्थ्य केन्द्र | स्वास्थ्य शाखा | |
| ५ | निःशुल्क औषधि तथा हेमोफिलिया फ्याक्टर | ऐन दफा १८(२) | नेपाल सरकार (सरकारी अस्पताल र स्वास्थ्य केन्द्र मार्फत) | स्वास्थ्य शाखा | तोकिए बमोजिम |
| ६ | रातो परिचयपत्र बाहक अपाङ्गता भएका व्यक्तिका लागि निःशुल्क स्वास्थ्य बीमा | ऐन दफा १७(ग), नियमावली | नेपाल सरकार (स्वास्थ्य बीमा बोर्ड मार्फत) | स्वास्थ्य शाखा | महिला तथा बालबालिका शाखासँगको समन्वयमा |
| ७ | निःशुल्क शिक्षा तथा छात्रवृत्ति | ऐन दफा २१, संविधान धारा ३१ | शिक्षा मन्त्रालय (स्थानीय तह मार्फत) | शिक्षा शाखा | (विवरण IEMIS मा प्रविष्टिको सुनिश्चितता समेत) |

| क.स. | प्रदत्त सेवा सुविधा | कानुनी आधार | उपलब्ध गराउने निकाय | सुनिश्चित गर्ने जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|
| ८ | सीप विकास तालिम तथा रोजगारी | ऐन दफा २२-२३ | श्रम मन्त्रालय र स्थानीय तह | सहकारी विकास शाखा वा महिला तथा बालबालिका शाखा | |
| ९ | सहायक सामग्री वितरण | ऐन दफा १८(घ), नियमावली दफा २० | स्थानीय तह | महिला तथा बालबालिका शाखा | वितरण गरिएका सामग्रीको विवरण DHIS मा स्वास्थ्य शाखाले प्रविष्ट गराउने |
| १० | निःशुल्क कानुनी सहायता | ऐन दफा १५(२) | कानुन मन्त्रालय र जिल्ला अदालत | स्थानीय तह (सहजीकरण) | |
| ११ | यातायात तथा सार्वजनिक सेवामा सहुलियत | ऐन दफा २५ | यातायात व्यवस्था विभाग | स्थानीय तह (सहजीकरण) | |

**स्पष्टिकरणः** तालिकामा ऐन भन्नाले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्वन्धि ऐन, नियमावली भन्नाले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी नियमावली, २०७७ भन्ने बुझ्नु पर्दछ।

अनुसूची ४

## न्यूनतम रूपमा सञ्चालन गरिने कृयाकलापहरू

| कोड | क्रियाकलापहरु | पालिका/वडा | इकाई | कैफियत |
|---|---|---|---|---|
| १ | **परिणाम १ अपाङ्गता न्यूनिकरण** | | | |
| १.१ | **नतिजा १.१ः जन्मदोष/अपाङ्गताको शिघ्र पहिचान र व्यवस्थापन** | | | |
| क | नव दम्पतीलाई वितरण गरिने शुभकामना कार्ड छपाई | पालिका | दम्पत्ती | |
| ख | जन्मजात अपाङ्गता पहिचानका लागि नवजात शिशुको जाँच तथा रेकर्ड | वडा | नवजात शिशु | |
| ग | जन्मजात अपाङ्गता पहिचान भएका नवजात शिशुको उपचारमा लैजानका लागि सहयोग | पालिका | नवजात शिशु | |
| २ | **परिणाम २ः अपाङ्गता भएका व्यक्तिहरुको जिवनको गुणस्तरमा सुधार** | | | |
| २.१ | **नतिजा २.१ः अपाङ्गता भएका व्यक्तिहरुको सूचना अद्यावधिक एवं व्यवस्थापन** | | | |
| क | अपाङ्गता भएका व्यक्तिहरुको तथ्यांक संकलन तथा अद्यावधी | पालिका | नियमित | |
| ख | प्रोफाइल तथा पुनःस्थापना योजना तयारी | वडा | व्यक्ति | |
| २.२ | **नतिजा २.२ः अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्यमा सुधार** | | | |
| क | गृहभेट | वडा | पटक | |
| ख | आधारभुत फिजियोथेरापी सेवा प्रदान | वडा | व्यक्ति | |
| ग | स्वास्थ्य उपचार सहयोग | वडा | व्यक्ति | |
| घ | सहयोगी सामाग्री सहयोग | पालिका | व्यक्ति | |
| ङ | स्वास्थ्य बिमामा पहुँच | पालिका | व्यक्ति | |
| २.३ | **नतिजा २.३ः शिक्षामा पहुँच बृद्धि** | | | |
| क | विद्यालय भर्ना कार्यक्रम | वडा | व्यक्ति | |
| ख | अपाङ्गता भएका बालबालिकाहरुका लागि घरमा आधारित शिक्षा | वडा | व्यक्ति | |
| ग | अपाङ्गता छात्रबृत्तिमा पहुँच | पालिका | व्यक्ति | |
| २.४ | **नतिजा २.४ः अपाङ्गता भएका व्यक्तिका पारिवारको जिविकोपार्जनमा सुधार** | | | |
| क | सिपमुलक र व्यवसायिक तालिम | पालिका | व्यक्ति | |
| ख | अपाङ्गता भएका व्यक्तिहरूको लागि व्यवसाय / रोजगारी प्रवर्धन अनुदान | पालिका | जना | |
| ग | सहकारी संस्था दर्ता र संचालन | पालिका | संख्या | |
| २.५ | **नतिजा २.५ः सामाजिक क्रियाकलापमा पहुँच बृद्धि** | | | |
| क | अन्तर्राष्ट्रिय अपाङ्गता दिवस | वडा | वडा | |
| २.६ | **नतिजा २.६ः अपाङ्गता भएका व्यक्ति र परिवारको शसक्तिकरण** | | | |
| क | मिलिजुली समुहको बैठक | वडा | पटक | |
| ख | मिलिजुली समुहको लागि वचत, ऋण व्यवस्थापन तथा नेतृत्व विकास तालिम | पालिका | पटक | |
| ग | ओ. पि. डी. का लागि क्षमता अभिवृद्धी तालिम | पालिका | पटक | |
| ३ | **स्थानीयतहहरुमा अपाङ्गता रोकथाम तथा पुनर्स्थापनाका लागि कार्यरत संरचनाहरुको सवलिकरणमा सहयोग** | | | |
| ३.१ | **नतिजा ३.१ः क्षमता अभिवृद्धिमा सहयोग** | | | |
| क | पालिका स्तरीय समिक्षा बैठक तथा वार्षिक योजना निर्माण कार्यशाला | पालिका | पटक | |
| ३.२ | **नतिजा ३.२ः प्रशासन तथा व्यवस्थापन सुदृढीकरणमा सहयोग** | | | |
| क | सिविआर सहजकर्ता, ओ.पि.डी. प्रतिनिधि र कार्यक्रम सम्पर्क व्यक्तिको मासिक बैठक | पालिका | महिना | |
| ख | समुदायमा आधारित पुनःस्थापना सहजकर्ताको पारिश्रमिक | पालिका | सि.वि.आर.एफ. | |
| ग | अपाङ्गता समन्वय / व्यवस्थापन समितिको बैठक | पालिका | पटक | |
| घ | अपाङ्गता भएका व्यक्तिहरूको संस्था (ओ.पि.डि) सुदृढीकरण तथा अपाङ्गता सशक्तिकरण कार्यक्रम सञ्चालन अनुदान | पालिका | पटक | |
| ङ | अपाङ्गता सहायता कक्ष संचालन | पालिका | महिना | |

नोटः स्थानीय तहको स्रोतको अधिनमा रहि अन्य कृयाकलापहरू थप गर्न सकिनेछ ।

<u>आज्ञाले</u>

नारायण भण्डारी

प्रमुख प्रसासकीय अधिकृत